## तेस्रो नगर परिषद

मिति :२०७३ पौष १७ गत्ते

जयपृथ्वी नगरपालिकाका कार्यकारी अधिकृत श्री प्रज्वल घिमिरेले नगरपालिकाको आ.व. २०७४/०७५ को लागि सम्मानित गरिमामय तेस्रो नगर परिषद्को सभामा पेश गर्नु भएको नीति, कार्यक्रम तथा बजेट

## बजेट वक्तव्य

यस जयपृथ्वि नगरपालिकाको सम्मानीत गरिमामय तेस्रो नगरपरिषद्को सभामा पाल्नु भएका यस कार्यक्रमका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, विशेष अतिथि ज्यू, जिल्ला स्थित राजनीतिकदलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, नगरस्तरीय राजनीतिकदलका प्रतिनिधि ज्यूहरु, कार्यालय प्रमुख ज्यूहरु, एकिकृत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु, दलित, महिला, वालवालिका एवं अपाङ्ग प्रतिनिधि ज्यूहरु, विभिन्न गैरसरकारी संस्था एवं विकास साझेदार निकायका प्रमुख प्रतिनिधि ज्यूहरु, वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका प्रतिनिधि ज्यूहरु, पत्रकार, संचारकर्मी एवं उपस्थित सबै समाजसेवि, बुद्धिजिवी, शिक्षक, कर्मचारी, किसान, उद्योगी, ब्यापारी, बिद्यार्थी, जेष्ठ नागरिक, युबा, बालक्लब, आमा समुह, अशक्तअपाङ्ग लगायत सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाई, दिदी बहिनी एवं सज्जन बृन्द ।

सर्वप्रथम म यस गरिमामय तेश्रो नगर परिषदको पावन अवसरमा जयपृथ्वी नगरपालिकाको कार्यकारी अधिकृतको हैसियतले यस  नगर परिषदलाई सफलतापूर्वक सम्पन्न गर्न पाल्नु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु । यस अवसरमा नेपालमा हाल सम्म प्रजातन्त्रको प्राप्ती, लोकतन्त्रको पुनर्वहाली र संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्तीका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

जयपृथ्वी नगरपालीकाको समग्र विकासका चाहना र आवश्यकताहरुलाई संवोधन गर्ने महत्वपूर्ण थलोको रुपमा रहेको यस नगर परिषद्मा आफ्नो अमूल्य सुझाव र सक्रिय सहभागिता जनाउन नगरपालिकाको आमन्त्रणलाई सहर्ष स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथि लगायत सम्पूर्ण महानुभावहरुमा म नगरपालिकाको तर्फवाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

विगत लामो समय देखि स्थानीय निकायमा जनप्रतिनिधिको निवार्चन नभई स्थानीय निकाय जनप्रतिनिधि विहिन अवस्था भएतापनि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट भएका विभिन्न नीति, निर्देशनहरु, बजेट सिलिङ्ग, विभिन्न विषयगत कार्यालयको सुझाव र सल्लाह, वडा नागरिक मञ्चबाट योजनाहरु छनोट र प्राथमिकरण भई एकिकृत योजना तर्जुमा समिति र नगरपालीका बोर्ड बैठकका साथै नगरपालिकालाई नजिकबाट सहयोग र समन्वय गरिरहनुभएका राजनीतिकदल समेतको बैठकको निर्णय र सहमतिबाट आज यहाँहरु सामु यस जयपृथ्वी नगरपालिकाको आ.व.२०७४/०७५ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न सफल भएकोमा आफुलाई गौरवान्वित ठानेको छु ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१ साल वैशाख २५ गतेको निर्णयानुसार घोषणा गरिएको ७२ नगरपालिका मध्यको एक रहेको जयपृथ्वी नगरपालिकाको यस जिल्लामा पनि मिति २०७१ साल जेष्ठ १४ गते

विधिवत रुपमा स्थापना भई नगरक्षेत्र भित्रका साविकका गाविसहरु (चैनपुर, हेमन्तवाडा,लुयाँटा,रिठापाटा र सुवेडा) बाट सम्पादन गरिने सम्पूर्ण काम कारवाही नगरपालिको नामबाट संचालन भई मिति २०७१।३।१६ गते जयपृथ्वी नगरपालिकाको  बिशेष नगर परीषद्, मिति २०७१।९।२२ गते जयपृथ्वी नगरपालिकाको ऐतिहासिक पहिलो नगर परिषद् र मिति२०७२।६।२१ गते बिशेष नगर परिषद्, मिति२०७२।९।२२ मा दोश्रो नगरपरिषद्सम्पन्न गरी नगर परीषद्ले पारीत गरेका नीति तथा कार्यक्रमहरुलाई निरन्तर रुपमा कार्यान्वयन गरी रहेको व्यहोरा सहर्ष जानकारी गराउन चाहान्छु । यस नगरपालिकाको कार्यकारी अधिकृतको जिम्मेवारी वहन गर्दै विगतका नगरपरिषद्हरुले पारित गरेका महत्वपूर्ण नीति तथा कार्यक्रमहरुलाई अवलम्वन गर्दै यस तेश्रो नगर परिषद्मा नगरपालिकाको भावी नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने सुभ अवसर पाउंदा मलाई अत्यन्त खुसी लागेको छ ।

जयपृथ्वी नगरपालिकाबाट संचालन भैरहेका बिकास, निर्माणका सम्पूर्ण कार्यक्रमहरु सर्बदलीय सर्बपक्षीय समन्वय रसहभागीतामा भै राखेको कुरा यहा उपस्थित सम्पूर्ण महानुभावहरुमा अबगत गराउन चाहन्छु ।स्थानीय स्वायत्त शासन ऐन २०५५तथा नियमावली २०५६ ले निर्दिष्ट गरे मुताबिक संघीय मामीला तथा स्थानीय बिकास मन्त्रालय र राष्ट्रिय योजना आयोग बाट प्राप्त बजेट सिमा तथा मार्ग दर्शनको आधारमा रहि चालु आ.व.मा संचालन भएका र आगामी आ.व.को लागि प्रस्ताव गरीएका कार्यक्रमहरु  सहभागितात्मक योजना तर्जुमाका बिभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि  नगर परीषद्मा पेश गरीने यो लोकतान्त्रिक बिधि र संस्कारलाई आत्मसात गर्दै नगरबासीहरुको आवाज,प्राथमिकता रअधिकारलाई समुचित रुपमा बिकास गर्न सकिएमा नगरपालिकाका नगरबासीहरु प्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन् गर्दै **" कृषिमा आधारीत औद्योगिक शहर सुरक्षित,आत्मनिर्भर,समृद्ध र पर्यटकिय जयपृथ्वी नगर "** भन्ने मुल परिकल्पनाका साथ म यहाँहरु समक्ष यस जयपृथ्वी नगरपालिका बझाङको नीति,कार्यक्रम तथा बजेटयस गरिमामय परिषसद्मा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## ***नीति तथा कार्यक्रमहरु***

**न.पा.ले लिएका बजेट तथा योजना तर्जुमाका आधारहरु :**

- स्थानीय स्वायत्त शासन ऐन, २०५५, तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४,
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ र न्युनतम शर्त तथा कार्य सम्पादन कार्यविधिले निर्दिष्ट गरेका व्यवस्थाहरु,
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- राजनीतिक दल, विषयगत कार्यालय, नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,
- वडा नागरिक मन्च, वडास्तरीय भेला, एकिकृत योजना तर्जुमा समिति हुंदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्वारा आएका योजना तथा कार्यक्रमहरु,
- जयपृथ्वी नगरपालिका क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तु स्थितिको अवस्था विश्लेषण ।
- भौतिक पूर्वाधार तथा पर्बद्धनात्मक कार्यत्क्रम अन्तर्गतका  पुराना अधुरा योजनाहरु  ।
- उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु ।
- नगरबासी जनताहरुको जिवनस्तर,आम्दानी र रोजगार बढाउने योजनाहरु ।
- लक्षित वर्ग विकासका पुराना अधुरा योजनाहरु  ।

- विपन्न महिला, बालबालिका र अन्य पिछडिएका वर्गलाई प्रत्यक्ष लाभहुने योजनाहरु ।
- कम लागत तथा बढी जनसहभागितामा संचालन हुने योजनाहरु ।
- वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउने योजनाहरु ।
- अन्य निकायहरुको साझेदारीमा संचालन हुने योजनाहरु ।

**न.पा.को आगामी आ.व.को बजेटका विशेषता तथा प्राथमिकताहरुः**

- न.पा.को नगरस्तरीय यातायात गुरुयोजना, आवधिक विकास योजना तयार गरी जिल्ला विकास योजनाको आधारमा वार्षिक योजना तयार गरी कार्यक्रम तथा योजना कार्यान्वयन गर्दै लैजाने,
- वडा नागरिक मञ्च, वडा भेला, एकिकृत योजना तर्जुमा समिति हुँदै सहभागितात्मक रुपमा आएका योजना/कार्यक्रमहरुलाई प्राथमिकता दिईएको,
- बालमैत्री, वातावरण मैत्री एवं लैङ्गिक, सामाजिक, समावेशीकरणमा आधारित योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिइएको,
- नगर स्तरीय श्रोत नक्सा, तयारी भू-उपयोग योजना, भवन निर्माण मापदण्ड लागु, राष्ट्रिय भवन निर्माण आचारसंहिता कार्यान्वयन,फोहोरमैला व्यवस्थापन कार्य, सार्वजनिक ऐलानी, प्रति जग्गा संरक्षण तथा हरियाली प्रबर्द्धनलाई प्राथमिकता दिइएको,
- न.पा.ले लगाउने र उठाउँने कर तथा गैर कर, राजश्वका क्षेत्रहरुको पहिचान, संकलन र व्यवस्थापनमा नीजि क्षेत्रहरु संग सहकार्य गर्दै आन्तरिक र वाह्य श्रोतहरुको पहिचान र उपलब्ध श्रोतहरुको अधिकतम प्रयोग गर्न जोड दिइएको,
- नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यान्वयनको लागी सूचकहरुमा आधारित भई कार्यक्रमहरु तय गरिएको,
- राजश्व परिचालन, सामुदायिक विद्यालयमा लैङ्गिक मैत्री शौचालयको व्यवस्थापन र बालमैत्री स्थानीय शासन कार्यान्वयनमा जोड दिइएको,
- दैवी प्रकोप उद्धार कोष कार्यविधि र मर्मत सम्भार विशेष कोष कार्यविधि लागु गरी कार्यान्वयन मा ल्याईने ।

**अबलम्बन गरिएका क्षेत्रगत नीतिहरु**

**क) सामाजिक विकास**

**लक्षित वर्ग**

- ✓ निर्णय प्रक्रिया र योजना तथा कार्यक्रमको कार्यान्वयनमा महिला, बालबालिका, दलित, जनजाती, अपाङ्ग, अल्पसंख्यक, बृद्ध तथा विपन्न वर्गहरुको सहभागितामा जोड दिइनुको साथै छाउपडी कुप्रथालाई निरुत्साहित गर्न विशेष पहल गरिने छ ।
- ✓ महिलाहरुलाई व्यवसायिकता तर्फ उन्मुख गराउन आयमुलक सिप मुलक तालिम प्रदान गरी आय आर्जनमा बृद्धि गरी आत्म निर्भर बनाइने नीति लिईनेछ ।
- ✓ नगर स्तरीय महिला समन्वय समिति गठन गरी क्रियासिल गरीने छ ।
- ✓ नगर स्तरीय बालक्लव र बाल संरक्षण संजालको क्षमता विकास र सुदृढिकरणलाई निरन्तरता दिईनेछ ।
- ✓ बाल तथा मातृ शिशु स्वास्थ्य तथा पोषण सम्बन्धि कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- ✓ लक्षित कार्यक्रममा छुट्याईने बजेट कार्यान्वयनको प्रभावकारीतामा विशेष जोड दिईनेछ ।
- ✓ भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउन अपाङ्ग र अनाथ व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ ।

- ✓ जेष्ठ नागरिकहरुको अनुभव र सिपलाई आर्थिक, सामाजिक कार्यमा उपयोग गर्ने, जेष्ठ नागरिकलाई लक्षित गरी विभिन्न क्षेत्रबाट संचालनमा रहेका बृद्धा आश्रमको व्यवस्थापन र संचालनमा सहयोग गरिनेछ ।
- ✓ नगरलाई शैक्षिक स्तरमा उत्कृष्ट रुपमा विकास गर्न जनस्तरको आवाज र वडा स्तरबाट आएका मागलाई प्राथमिकता दिई न.पा.को वार्षिक आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा विशेष जोड दिईनेछ ।
- ✓ लक्षित समुहका बालबालिकाहरुको पहुँच बढाउन प्रोत्साहनका उपायहरु अपनाईनेछ ।

**स्वास्थ्य**

- ✓ एच.आई.भि.एड्स नियन्त्रणका लागि यस क्षेत्रमा कार्यरत सरकारी संघ संस्थाहरु संग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- ✓ आधारभूत स्वास्थ्यमा सबैको सहज पहुंच र सुरक्षित मातृशिशु प्रजनन सेवाको लागि विशेष सहयोग गरिनेछ ।
- ✓ घोषित पूर्ण खोपयुक्त अभियानलाई दिगो राख्नका लागि अनुगमनमा निरन्तरता दिइनेछ ।
- ✓ यस जयपृथ्वी नगरपालिकालाई मिति २०७२।६।२० गतेका दिन पूर्ण खोप युक्त नगरपालिका घोषणा गरिसकेको हुंदा यस जयपृथ्वी नगरपालिका वडा नं. १ देखि १५ अन्तर्गतका २३ महिना भित्रका बालबालिकालाई पूर्ण खोप लगाईसकेको र छुटेका बालबालिकाहरुलाई पनि पूर्ण खोप लगाईसकेको हुंदा आगामी आ.व.को लागि सो वडाहरुलाई पूर्ण खोप सुनिश्चितताको लागि सम्बन्धीत स्वास्थ्य संस्थाहरुले प्रतिबद्धता जनाएका छन् ।
- ✓ जिल्ला स्वास्थ्य कार्यालयको प्राविधिक सहयोग र सहकार्यमा नगर स्वास्थ्य क्लिनिक संचालन गरिनेछ ।

**पर्यटन संस्कृति**

- ✓ पर्यटन विकासको लागि ऐतिहासिक, धार्मिक स्थलहरुको विकास तथा व्यवस्थापनमा जोड दिईनेछ ।
- ✓ परम्परागत चाढपर्व, जात्रा, कला संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

**ख) आर्थिक विकास**

**कृषि**

- ✓ नगर क्षेत्रमा पशुपालन, सिचाई कुलोको निर्माण र मर्मत सम्भार गरि कृषि उत्पादन बढाउने कार्यमा जोडदिईनेछ ।
- ✓ यस क्षेत्रसँग सम्वन्धित विभिन्न निकाय सँग सहकार्य गरि कार्यक्रमहरुको संचालन गरिनेछ ।

**वन वातावरण भू-संरक्षण**

- ✓ विकास आयोजना संचालन गर्दा वातावरण मैत्री विकास प्रणालीलाई संस्थागत गर्दै जलवायु परिर्वतनको नकारात्मक असरलाई न्युन गर्न सो क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी संस्थाहरु संग समेत समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- ✓ नगरको वरिपरि बग्ने सेती र बाहुलीगाड तथा अन्य खोलाहरुको अतिक्रमण र प्रदुषित हुन नदिने लगायत संरक्षणका कार्यक्रमहरु लागु गरिने छ र नदी किनारमा बृक्षारोपण गर्ने नीति लिईनेछ ।
- ✓ नगर क्षेत्रभित्र रहेका वनलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुको साथै नगर क्षेत्रमा सडकको दायाँ वायाँ बृक्षारोपण गरि हरियाली कायम गर्ने नीति लिइनेछ ।

**उद्योग**

- ✓ उद्यमशिलताको विकास गर्न आयमुलक रोजगारीका कार्यक्रम संचालन गरी महिला, दलित, आदीवासी, जनजाती र पछाडि परेका समुदायलाई लघुउद्यमको सहभागिता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- ✓ सुविधायुक्त भवन र होटलहरुको निर्माणको लागि नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

## ग) भौतिक पूर्वाधार विकास

### खानेपानी तथा सरसफाई

- ✓ नगर क्षेत्रभित्र सुलभ रुपमा खानेपानीको आपूर्तिमा सहयोग गर्ने नीति लिईनेछ र फोहोरमैलाको व्यवस्थापन गरि नगरलाई स्वच्छ र सफाराख्न सार्वजनिक, नीजि साझेदारी अवधारणमा विशेष जोड दिईनेछ ।

### विद्युत/उर्जा

- ✓ नगरको ग्रामिण क्षेत्रमा विद्युत लाईन विस्तारको लागि पहल गरिनेछ र सडक सौर्य बत्तिको व्यवस्थापन र संचालन स्थानीय उपभोक्ताको सहभागितामा गरिनेछ ।

### सडक

- ✓ नगरको चक्रपथको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ✓ अधुरा योजनाहरुलाई प्राथमिकताका आधारमा समय सारणी९त्कभ तबदभि० सहित सम्पन्न गर्न श्रोतहरुको खोजी गरी सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।
- ✓ नगर भित्रका सडकलाई राष्ट्रिय राजमार्ग संग जोड्नुका साथै नगरको एकअर्को वडा हुंदै छिमेकि गा.वि.स.लाई समेत जोडी सडक संजाल बनाउने कार्यमा प्राथमिकता दिइने छ ।

### आवास तथा शहरी विकास

- ✓ शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माणको सहयोग र नगर विकास समितिको समन्वयमा नगरक्षेत्रको समग्र नगर विकास योजना बनाई सो अनुसार विकास कार्य अगाडि बढाईनेछ ।
- ✓ भवन निर्माण आचारसंहिताको पूर्ण कार्यान्वयनमा ल्याइनेछ । भुकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गरिने नीति अवलम्वन गरिने छ ।
- ✓ भू-उपयोग नीति अन्तर्गत शहरी विकास मन्त्रालय संग समन्वय गरी ल्याण्ड पुलिङ कार्यक्रम संचालनमा ल्याइनेछ ।

### दिर्घकालिन पूर्वाधार

- ✓ नगर संग जोडिएका अन्य नगर वा गाउँलाई समेत ध्यान राखी नगर बसपार्क, लामो दुरीका बस पार्किङ्ग स्थल, सभा गृह, सव दाह गृह, कभर्डहल, क्रिकेट मैदान, हाटबजार, पशु बधशाला, बृद्धाश्रम, शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहोर प्रसोधन केन्द्र आदी जस्ता क्षेत्रहरुको पहिचान गरि प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

### बजार केन्द्र

- ✓ नगरको मुख्य बजार तथा अन्य केन्द्रहरुको निर्माणलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालयको प्राविधिक सहयोग लिई कार्यक्रम तर्जुमा गरिनेछ ।

## घ) सुशासन

### संगठन/कर्मचारी व्यवस्थापन

- ✓ नगरपालिका कार्यालयको कार्यलाई प्रभावकारी जनमुखी, जवाफदेहीता, पारदर्शिता, मितव्ययीता तुल्याउन कार्यबोझ तथा समयानुकुल व्यवस्थापनका लागि संगठन ढाँचा तयार गरिनेछ ।
- ✓ नगरपालिकालाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन नगरपालिकाको जनसंख्या, आन्तरिक आय, प्रशासनिक कार्यबोझ, भौगोलिक क्षेत्र, औचित्य समेतलाई मध्यनजर गर्दै कर्मचारी दरबन्दी र प्रशासनिक खर्चको सिमा भित्र रहेर पदपूर्ति गरिनेछ । आन्तरिक आम्दानीको सिमालाई मध्यनजर गरी संयुक्त वडा कार्यालयको रुपमा सेवा प्रवाहको व्यवस्था मिलाई क्रमशः वडा कार्यालय विस्तार गरिनेछ ।
- ✓ नगरवासीहरुका लागि आधुनिक सेवा प्रवाहमा उत्कृष्ट कार्य गर्ने नगरपालिकाहरुको कार्य प्रकृति अवलम्बन गर्ने कर्मचारीहरुलाई अध्ययन भ्रमणका लागि अवसर प्रदान गरिनेछ ।
- ✓ कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइनेछ ।

**पारदर्शिता**

- ✓ कार्यालयबाट हुने कार्यलाई सेवाग्राही मैत्री बनाउन सोधपुछ् कक्ष(Help Desk)को व्यवस्था गरिनेछ ।
- ✓ सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने कार्यलाई कार्यान्वयनमा ल्याईनेछ ।
- ✓ सार्वजनिक सेवालाई चुस्त र दुरुस्त एवं पारदर्शिता कायम गर्न कम्प्यूटराईज प्रणालीको अवलम्बन गरिनेछ ।

**दण्ड र पुरस्कार**

- ✓ निद्रिष्ट ऐन, नियमले दिएको अधिकार प्रयोग गरी दण्ड दिने तथा आवश्यकता अनुसार उचित पुरस्कार दिने नीति अवलम्वन गरिनेछ ।
- ✓ उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने तथा लापरबाही गर्ने उपभोक्ता समितिका व्यक्तिहरुलाई कारबाही गरिनेछ ।
- ✓ सामाजिक परिचालन क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई योगदानको आधारमा पुरुस्कार तथा सम्मान दिने नीति लिइनेछ ।
- ✓ नगरक्षेत्र भित्र राम्रो काम गर्ने संघसंस्थालाई कार्य सम्पादन मुल्याकंनको आधारमा पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- ✓ संचार जगतमा पनि राम्रो काम गर्ने संचारकमी तथा संस्थालाई कामको मुल्याकंनको आधारमा पुरस्कृत गरिनेछ ।

**योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन**

- ✓ नगरक्षेत्र भित्र संचालन हुने कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा अनुगमन र मुल्याङ्कन गरी पारदर्शि बनाइनेछ ।
- ✓ अनुगमन निर्देशिका लागु गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ उपभोक्ता समिति संचालन सम्बन्धि निर्देशिका लागु गरि कार्यान्वयनमा ल्याईनेछ ।

**सूचना तथा संचार**

- ✓ नगरपालिका कार्यालयमा आफ्नै वेभसाइटलाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ ।

**राजश्व र लेखा**

- ✓ एकिकृत सम्पत्ति कर लागु गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ आन्तरिक आय बृद्धि हुने किसिमका कार्यलाई प्राथमिकता दिइनेछ ।
- ✓ व्यवसाय कर असुलीलाई प्रभावकारी बनाउन नगरक्षेत्र भित्रका सबै वडाका उद्योग, व्यापार, व्यवसायिहरुको लगत खडा गरी स्थलगत असुली अभियानको थालनी गरिनेछ ।
- ✓ प्रशासनिक खर्चको सिमा आन्तरिक आयको बढीमा ४० प्रतिशत भित्र रही गर्ने नीति लिइनेछ ।

**आदरणीय महानुभावहरु,**

जयपृथ्वी नगरपालिकाबाट संचालन भैरहेका बिकास, निर्माणका सम्पूर्ण कार्यक्रमहरु सर्बदलीय सर्बपक्षीय समन्वय र सहभागीतामा भैराखेको कुरा यहा उपस्थित सम्पूर्ण महानुभावहरुमा अबगत गराउन चाहन्छु । स्थानीय स्वायत्त शासन ऐन,२०५५तथा नियमावली,२०५६ ले निर्दिष्ट गरे मुताविक संघीय मामीला तथा स्थानीय बिकास मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सिमा तथा मार्ग दर्शनको आधारमा रहि चालु आ.व.मा संचालन भएका र आगामी आ.व.को लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितात्मक योजना तर्जुमाका बिभिन्न चरणहरु पारगर्दै स्वीकृतिका लागि नगर परीषद्मा पेश गरीने यो लोकतान्त्रिक बिधि

र संस्कारलाई आत्मसात गर्दै म गत आ.ब.को यथार्थ आय ब्यय,चालु आ.ब.को संसोधित बजेट तथा कार्यक्रम र आगामी आ.व.को प्रस्ताबित बजेट तथाकार्यक्रमहरु यस गरीमामय परिषसद्मा पेश गर्न अनुमती चाहन्छु ।

**(क) आ.व.२०७२।०७३को वास्तविक आय व्यय**

जयपृथ्वी नगरपालिकाको गत आ.व. ०७२।०७३ मा आय तर्फ चालु अनुदानमा रकम रु. ४१ लाख,पुजिगत तर्फ शसर्त अनुदान तर्फ रकम रु १ करोड ७४ लाख ६३ हजार, स्थानीय विकास शुल्क रु. ८७ लाख ४३ हजार, सामाजीक सुरक्षामा रु. १ करोड ६३ लाख १ हजार २ सय, सडक मर्मतमा रु. १२ लाख, स्थानीय शासन तथा सामुदायीक बिकास कार्यक्रममा रकम रु. ३० लाख २९ हजार, स्थानीय शान्ती समितिमा रु. ३६,५०० र जि.बि.स.बाट बिभिन्न योजनागत अनुदान रु. १५ लाख ७५ हजार १००। र बिभिन्न शिर्षकमा राजश्व आम्दानी रकम रु. ३८ लाख ९७ हजार, १७६।६३ र गत बर्षको अ.ल्या रु. १६ लाख १५ हजार १२०।३५ गरी कुल आयरु. ५ करोड ७९ लाख ६० हजार ९६।९८ त्यसै गरी ब्यय तर्फ चालु अनुदानमा रकम रु. ४१ लाख,पुजिगत अनुदान तर्फरु १ करोड ६९ लाख ४७ हजार,स्थानीय बिकास शुल्क रु. ८७ लाख ४३ हजार, सामाजिकसुरक्षामारु. १करोड ६१ लाख, ९९ हजार, १००। सडक मर्मतमा रु. ६ लाख, ४३ हजार, ६७३।, स्थानीय शासन तथा सामुदायीक बिकास कार्यक्रममा रकम रु. ३० लाख, २९ हजार, स्थानीय शान्ती समितिमा रु. ३६,५००। र जि.बि.स.बाट तोकिएका बिभिन्न योजनामा खर्च रु. १५ लाख, ७५ हजार, १००। र आन्तरीक राजश्व अन्तर्गत खर्च रकम रु. ४९ लाख, ९५ हजार, ६१८।११ गरी कुल ब्यय रकम रु. ५ करोड, ६२ लाख, ६८ हजार, ९८८।११ खर्च भई रकम रु. ११ लाख, ७४ हजार ४३०।० फिर्ता र रकम रु. ५ लाख, १६ हजार ६७८।८७ पछिल्लो आ.ब.को लागि जिम्मेवारी सरेको छ ।

**(ख) .आ.ब.२०७३।०७४को संसोधित आय ब्यय:**

जयपृथ्वी नगरपालिकाको चालु आ.ब. ०७३।०७४ मा आय तर्फ चालु अनुदानमा रकम रु. ४१ लाख, पुजिगत तर्फ निशसर्त पूजिगत अनुदान रकम रु २ करोड, ५१ लाख, ७० हजार,ठूला पुर्वाधार योजनामा रकम रु. ९२ लाख, १६ हजार, भवन निर्माणमा रु. ५० लाख, नगरक्षेत्र पूर्वाधार बिकास कार्याक्रममा रु. १ करोड ५४ लाख, ७१ हजार, सामाजीक सुरक्षा भत्तारकम रु. २ करोड, ५९ लाख, ५५ हजार, सडक मर्मतमा रु. ४५ लाख, स्थानीय शासन तथा सामुदायीक बिकास कार्यक्रममा रकम रु.२६ लाख, ८७ हजार, जि.बि.स.बाट बिभिन्न योजनागत अनुदान रु. १५ लाख र बिभिन्न निकायबाट रकम रु.४० लाख, ५० हजार र बिभिन्न शिर्षकमा राजश्व आम्दानी रकम रु. ५५ लाख ५ हजार र गत बर्षको अ.ल्या रु. ५ लाख, १६ हजार, ६७८।८७ गरी **कुल आय ९ करोड, ५१ लाख २० हजार ६७८।८७** त्यसै गरी ब्यय तर्फ तर्फ चालु अनुदानमा रकम रु. ४१ लाख, पुजिगत तर्फ निशसर्त पूजिगत अनुदान रकम रु २ करोड, ५१ लाख, ७० हजार, ठूला पुर्वाधार योजनामा रकम रु. ९२ लाख, १६ हजार, भवन निर्माणमा रु. ५० लाख, नगरक्षेत्र पूर्वाधार बिकास कार्याक्रममा रु. १ करोड, ५४ लाख, ७१ हजार, सामाजीक सुरक्षा भत्ता रकम रु. २ करोड, ५९ लाख, ५५ हजार, सडक मर्मतमा रु. ४५ लाख, स्थानीय शासन तथा सामुदायीक बिकास कार्यक्रममा रकम रु. २६ लाख, ८७ हजार, जि.बि.स.बाट बिभिन्न योजनागत अनुदान रु. १५ लाख र बिभिन्न आयोजनामा रकम रु. ४० लाख, ५० हजार र बिभिन्न शिर्षकमा राजश्व खर्च रकम रु. ५० लाख २ हजार गरी **कूल रुं. ९ करोड, ४० लाख, ९९ हजार खर्च** हुने भई रकम रु. १० लाख २१ हजार ६७८।८७ पछिल्लो आ.व.को लागि जिम्मेवारी सारीने छ ।

**(ग) .आ.ब.२०७४।०७५को प्रस्ताबित आय ब्यय:**

जयपृथ्वी नगरपालिकाको आगामी आ.ब. ०७४।०७५ मा आय तर्फ चालु अनुदानमा रकम रु. ४५ लाख,१० हजार, पुजिगत तर्फ शसर्त अनुदान तर्फ रकम रु २ करोड ७८ लाख २५ हजार, ठूला पुर्वाधार योजनामा रकम रु. १ करोड, भवन निर्माणमा रु.१ करोड, ५० लाख, नगरक्षेत्र पूर्वाधार बिकास कार्याक्रममा रु. १ करोड ६९

लाख, ५२ हजार, स्थानीय बिकास शुल्क रु. १ करोड १० लाख, सामाजीक सुरक्षामा १ करोड ७० लाख २५ हजार, सडक मर्मतमा रु. १८ लाख, स्थानीय शासन तथा सामुदायीक बिकास कार्यक्रममा रकम रु. ५५ लाख ८० हजार र बिभिन्न निकायबाट रकम रु. ७० लाख, ५० हजार र बिभिन्न शिर्षकमा राजश्व आम्दानी रकम रु. ६० लाख २५ हजार र गत बर्षको अ.ल्या रु. १० लाख २१ हजार ६७८।८७ गरी **कुल आय १२ करोड, ३७ लाख, ६३** हजार, ६७८।८७ त्यसै गरी ब्यय तर्फ चालु अनुदानमा रकम रु. ४५ लाख, १० हजार, पुजिगत तर्फ शसर्त अनुदान तर्फ रकम रु २ करोड ७८ लाख २५ हजार, ठूला पूर्वाधार योजनामा रकम रु. १ करोड, भवन निर्माणमा रु. १ करोड, ५० लाख,नगरक्षेत्र पूर्वाधार बिकास कार्याक्रममा रु. १ करोड ६९ लाख, ५२ हजार, स्थानीय बिकास शुल्क रु. १ करोड १० लाख, सामाजीक सुरक्षामा १ करोड ७० लाख २५ हजार, सडक मर्मतमा रु. १८ लाख, स्थानीय शासन तथा सामुदायीक बिकास कार्यक्रममा रकम रु. ५५ लाख ८० हजार र बिभिन्न निकायगत योजना खर्च रु. ७० लाख, ५० हजार र बिभिन्न शिर्षकमा राजश्व खर्च रकम रु. ५५ लाख २५ हजार गरी जम्मा रु. १२ करोड, २२ लाख, ४२ हजार खर्च हुने भई रकम रु. १५ लाख २१ हजार ६७८।८७ पछिल्लो आ.ब.को लागि जिम्मेवारी सारीने छ ।

**आदरणीय महानुभावहरु,**

जयपृथ्वी नगरपालिका को आ.ब.०७२।०७३ मा भएको राजश्वको वास्तविक आम्दानी, चालुआ.व. ०७३।०७४ सालको मंशिर मसान्त सम्मको आम्दानी तथा आगामी आ.व. ०७४।०७५ को प्रस्तावित राजश्व आम्दानीको विवरण तपशिल बमोजिम भएको व्यहोरा प्रस्तुत गर्दछु ।

**तपशिल**

| सि.नं. | बिबरण | आ.व.०७२/०७३ को आम्दानी रकम | आ.व.०७३/०७४ कोलक्ष्य रकम रु. हजारमा | आ.व.०७३/०७४ को मंशिर मसान्तसम्मको आय रकम | आ.व.०७४/०७५ को प्रस्तावित रकम रु. हजारमा |
|---|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ४३,३०० | ५५ | १५,५००।० | ६५ |
| २ | जन्मदर्ता सिफारिस | ५६,१०० | ६५ | १०,७५०।० | ८५ |
| ३ | मृत्यु दर्ता सिफारिस | ५४०० | ७ | २,२००।० | १० |
| ४ | विवाह दर्ता सिफारिस | ८,७५० | १० | २,५००।० | ४५ |
| ५ | बसाईसराइ सिफारिस | १,४५० | २ | ६००।० | ५ |
| ६ | नाताप्रमाणित | २००५० | ४५ | ६,०००।० | ६५ |
| ७ | सिफारिस | २,४६,६५० | ३५० | ९४,८००।० | ४५५ |
| ८ | जग्गा सिफारिस | २,७४,७७६ | ४२५ | ८१,२४५।० | १९५ |
| ९ | मालपोत कार्यालयबाट रजिष्ट्रेशन दस्तुर | २२,२७,४००।२४ | ३०१० | ०।० | ३५४५ |
| १० | मालपोत | १,७२,७३९।३९ | २१० | २८,०४६।४३ | ३३५ |
| ११ | हलभाडा | ९१४० | १५ | २,१००।० | ४५ |
| १२ | व्यवसाय कर | २,८१,२३० | ३४० | २,४८,४६०।० | ५३५ |
| १३ | घरबहाल कर | ५४,९५९ | ७५ | ९,६३४।० | ९० |
| १४ | परीक्षा दस्तुर | ३,२०,५०० | १५ | | २० |
| १५ | घर नक्सापास तथा अभिलेखिकरण | १,७३,४८२ | ३९० | | ५०० |
| १६ | अन्य | २५० | २५ | ० | ३० |
| **जम्मा** | | **३८,९७,१७६।६३** | **५०,०५** | **८,०८,५८५।४३** | **६०,२५** |

**आदरणीय महानुभावहरु**

जयपृथ्वीनगरपालिकाको २वटा बिशेष परिषद् र २ वटा नियमित परिषद्ले निर्दिष्ट गरेको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा मुख्यरुपमा निम्नानुसार उपलब्धिहरु हासिल गरेको छ।

- जयपृथ्वी नगरपालिकाको तमैलमा नगर प्रवेशद्वार निर्माण सम्पन्न भएको छ।
- जयपृथ्वी नगरपालिकामा खुला दिसामुक्तक्षेत्र घोषणा कार्यक्रम सम्पन्न भएकोछ।
- जयपृथ्वी नगरपालिकामा पूर्ण खोपयुक्तक्षेत्र घोषणा कार्यक्रम सम्पन्न भएको छ।
- नगरपालिकाबाट प्रदानगरिने सेवासुविधा सरलीकरणको लागि नागरिक बडापत्र तयार भएको छ।
- नगरपालिका भित्रका निम्न सडकहरुको न्यूनतम right of way निम्न बमोजिम हुने गरी निर्धारण गरिएको छ।

  क) मुख्य सडक :- २१ मिटर  
  ख) चक्रपथ :- ९ मिटर  
  ग) शाखा सडक :- ७ मिटर  
  घ) भित्रि सडक :- ४ मिटर

- जयपृथ्वी नगरपालिकाको कार्यालय भवनको लागि आवश्यक जग्गा जयपृथ्वी सिंह मार्ग संगै जोडीएका २८१५ ब.मी. क्षेत्रफल भएको जग्गा यस जयपृथ्वी नगरपालिकाको नाममा निशुल्क रुपमा रजिष्ट्रेशन पारित भई यसै आर्थिक वर्षमा कार्यालय भवन निर्माण कार्य सुभारम्भ गरीने छ।
- जयपृथ्वी नगरपालिकाको कार्यक्षेत्र र सडक जोडिएका नजिकका गाउँ बस्तीमा हुने आगलागी नियन्त्रणका लागि जयपृथ्वी नगरपालिकामा वारुण यन्त्र खरिद गरी तयारी अवस्थामा राखिएको छ।
- बझाङ जिल्लाको सदरमुकाम चैनपुर बजार र सडक जोडिएका नजिकका गाउँबस्तीमा हुने फोहोर नियन्त्रणका लागिजयपृथ्वी नगरपालिकामा टिप्पर खरिद गरी उक्त टिप्परबाट फोहोर व्यवस्थापन कार्य भईरहेको छ।
- यस नगरपालिकाको नफाली नहुने, नकुहीने फोहोर व्यवस्थापनको लागि हाल बैकल्पिक डम्पिङसाइट कुनै असर नपर्ने बाउलिखोलाको किनार ठुलो गल्छी परेको ठाउंमा ब्यवस्थापन कार्य भएकोछ।
- नगरपालिका अन्तर्गत कालाढुंगा स्थानमा पिकनिक स्थल र पुंगरमा बोटानिकल गार्डेन बन्नसक्ने गरी स्थलगत अध्ययन गरेको छ साथै यस जयपृथ्वी नगरपालिकाको क्षेत्र दृश्यावलोकन गर्न जयपृथ्वी नगरपालिकाको सबै भन्दा अग्लो स्थल मनाना डाँडामा ViewTower स्थापना सम्बन्धि कार्य सुभारम्भ गरिएकोछ।
- नगरपालिकाको आन्तरिक आम्दानी बढाउन चालु आ.व देखि एकिकृत सम्पत्तिकर लिने वातावरण तयार गर्न नगरपालिकामा बिशेष कार्यक्रम लागु गरीने भएकोले सो कार्यक्रम संचालनका लागी अनुमति पेश गरेको छु।
- नगरपालिकाले निम्न सडकहरु विस्तार गरी व्यवस्थित र नमुना सडकको रुपमा स्थापित गर्ने अवधारणालिएको छ।

  क) रिठापाटा - जयपृथ्वी नगर जोडने सडक।  
  ख) पानकोट नगरकोट, राजकोट ,मोर्तली- वाझगाउँ हुदै कैलाश सडक।  
  ग) पानकोट -सुतिया सडक।  
  ङ) चैनपुर, काप्रीकोट, पिठालेक, डाँडागाउँ, धामीलेक मयाना,गजौन सडक।

च) चैनपुरको भित्री सडक सहित रिङरोड ।

- जयपृथ्वी नगरपालिकाको वडा नं.४ स्थित गरीव,बिपन्न, बादी समुदाय,चैनपुर बजार, खुलामञ्च,सिमखेत बजारमा गरी ३वटा सार्वजनिक चर्पी निर्माण कार्य सम्पन्न भएका छन्।
- यस नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य सेवाबाट बंचित दुरदराजका बस्तीहरुमा नगर क्लिनिक स्थापनाका लागि स्वास्थ्य निकाय संग समन्वय गरी कार्यक्रम अगाडी बढाइएकोमा वडा नं.१०, १३ र६ को क्रमशः गोलाई,छयाला र मयानामा नगर स्वास्थ्य क्लिनिक स्थापना भएकाछन् ।
- सामाजिक सुरक्षा भत्ता छिटो,भरपर्दो र व्यवस्थित ढंगले वितरण कार्य गर्न बैंक मार्फत भुक्तानीको व्यवस्था गरिएको छ ।
- यस नगरपालिकाका सम्पूर्ण कार्यक्रमहरु छिटो, छरीतो र प्रभावकारी ढंगले संचालन गर्न नगरपालिकाका कर्मचारीहरुको दक्षता, क्षमता अभिबृद्धिका लागि बिभिन्न तालीममा कर्मचारी सहभागी गराइएको छ ।
- नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको गठन भई क्रियाशिल गराइएका छन ।
- जयपृथ्वी नगरपालिकाका प्रत्येक वडाका बस्तीहरु जोड्ने शाखा सडकको निर्माण कार्य सुभारम्भ गरी नगरपालिका अन्तर्गतका प्रत्येक नगर,गाउँबस्तीलाई सडक जोड्ने योजना रहेको छ ।
- यस जयपृथ्वी नगरपालिकाको विद्यमान, अव्यवस्थित बसोवास, परम्परागत घर/भवनहरुको संरचना तथा शिक्षण संस्था, स्वास्थ्य, व्यापारिक प्रतिष्ठान, खानेपानी, बाटोको भौतिक संरचनाहरुलाई व्यवस्थितगर्न नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गदर्शन २०७२ को अधिनमा रही यस **"जयपृथ्वी नगरपालिकाको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गदर्शन २०७२"** विशेष नगरपरिषद्बाट पारित भई कार्यान्वयनको चरणमारहेको छ ।
- जयपृथ्वी नगरपालिका बझाङ्ग अन्तर्गत स्वास्थ्य, सरसफाई तथा वातावरण सम्बन्धमा स्पष्ट नीति तय गरी नगरपालिका क्षेत्रभित्र बढ्दो वातावरणीय समस्यालाई नियन्त्रण गरी स्वच्छ, हराभरा, प्रदुषणमुक्त शहर बनाउन " जयपृथ्वी नगरपालीका बझाङको स्वास्थ्य, सरसफाई तथा वातावरण सम्बन्धि निर्देशिका २०७२" विशेष नगरपरिषद्बाट पारित भई कार्यान्वयनको चरणमा रहेको छ ।
- नगर क्षेत्र भित्र स्थापित र कार्यरत विभिन्न गैरसरकारी संस्थाहरु, सामुदायिक उपभोक्ता समितिहरु र अन्य अन्तराष्ट्रिय गै.स.स. हरुलाई नगरपालिकामा आबद्ध गराइ आपसी सहयोग र समन्वय गर्ने गरिएको छ ।
- जयपृथ्वी नगरपालिका अन्तर्गतका सम्पूर्ण नगर बस्तीहरु पर्यटकिय र सांस्कृतिक सम्पदा,स्थलहरुमा यातायातको संजाल व्यवस्थित गर्न नगर यातायात गुरुयोजना निर्माण सम्बन्धि कार्य अगाडी बढाई रहेको छ ।
- राजश्व परामर्श समितिको वैठक बसी उद्योग व्यवसायी,करदाता र बुद्धिजिवीहरुको सल्लाह सुझाव बमोजिम राजश्वका दरहरुमा केही संसोधन गरिएको छ ।
- जयपृथ्वी नगरपालिकाको स्वीकृत कर्मचारी दरबन्दीमा रिक्त रहेका पदहरुमा भर्ना प्रक्रियाका कार्यक्रम विज्ञापन गरी **सु.प.क्षे.नि.**लोकसेवा आयोगको आयोजनामा लिखित परीक्षा सम्पन्न भएको रसोको नतिजा प्रकाशन कार्य सिघ्र सम्पादन गरिने व्यहोरा जानकारी गराउन चाहन्छु ।

**उपस्थित आदरणीय महानुभावहरु,**

**जयपृथ्वी नगरपालिकाका सम्भावनाहरु**

- जयपृथ्वी नगरपालिका बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुरमै केन्द्रमानि अवस्थित भएकोले चैनपुरबाट साईपाल, धुली, तिब्बत, डोटी, अछाम, वाजुरा, बैतडी, दार्चुला र आसपासका जिल्लाहरुको सडक नेटर्वकको कारणले ट्रान्जिट प्वाइन्ट र पर्यटन केन्द्र बन्न सक्ने सम्भावना रहेको छ ।
- राजा जयपृथ्वी बहादुर सिंहको जन्मस्थल, ऐतिहासिक व्यक्ति र व्यक्तित्व, ऐतिहासिक हात्तीसार दरवार

यहाँ भएकोले चासो र चाहानाको केन्द्र बन्न सक्ने सम्भावना रहेको छ ।

- सेती नदी, बाहुलीगाड, सूनिगाड, डीलगाड, गोलाईगाड, कचाली खोलामा प्रशस्त क्रसर उद्योग, स्लेट उद्योग, खरि उद्योग, फर्निचर उद्योग, प्लाईउड उद्योग आदिको प्रशस्त सम्भावना रहेको छ ।
- काला ढुंगा सुवेडा, पुंगर गोरेपाटन हेमन्तवाडा, लामरकोट चैनपुर, चुन्नाबष्टी,मेलमुडा रिठापाटा, ऋषीकुण्ड लुयांटा स्थलहरु प्रकृतिको मनोरञ्जन स्थल एवं सम्भावित क्षेत्र बनाईदिइ विकासको लागि पर्खि रहेकाछन ।
- चैनपुरको सुर्मादेवी, रिठापाटाको देवल भगवती, कालसैन माण्डु, हेमन्तवाडाको भवानी मन्दिर,नानन्देव मन्दिर, सुवेडाको भवानी मन्दिर , लुयांटाको ऋषिकुण्ड धार्मिक र पूण्य भूमी रहेकाछन ।
- रिठापाठा देवलको देवल ज्यूला, हेमन्तवाडाको पंडेश ज्यूला,डुग्री ज्यूला, लुयांटाको गोलाई ज्यूला, सुवेडाको सुवेडा ज्यूला, अन्नको भण्डारको साथै अविरल तरकारी खेती, अर्गानिक खाद्यको भण्डार बन्नसक्ने सम्भावना रहेको छ ।
- Airportर जयपृथ्वी राजमार्ग यस ज.न.पा को विच भागमै अवस्थित भएकोले न.पा को केन्द्र चैनपुरबाट धुली साइपाल, तिब्बत, डोटी, डडेलधुरा, बैतडी, दार्चुला, अछाम र वाजुराको केन्द्र बन्न सक्ने सम्भावना छ ।
- भौगोलीक दृष्टीले बझाङ्ग जिल्लाको आधाभन्दा बढी खाली भूमी रहेको अवस्थामा भोलीको पर्यटकिय, जडीबुटी, पशुपालन र फलफुलखेती विस्तारको प्रचुर सम्भावना छ ।
- सेतीनदी,बाहुलीगाड, सुनिगाड, डुंग्रीगाड लगायतका नदी र खोलाबाट सिंचाई खानेपानी, जलविद्युत र उद्योगको सम्भावना छ ।
- हिमाली, पहाडी र मध्य पहाडी हावापानी bio diversity भएको नगर थुप्रै सम्भावना बोकेको रमणिय सुन्दर हराभरा भएको नगर बन्ने सम्भावना छ ।
- नगरको वरपर खालीठाउंमा हराभरा बनाउन सक्ने सम्भावना छ ।
- डुंग्री, देवल, सुवेडा, गोलाई, पडेस ज्यूलाहरुमा सिंचाई प्रणालि व्यवस्थित गरी आधुनिक तरकारी तथा अन्नबालीको प्रचुर सम्भावना छ ।

**<u>अवसरहरु :</u>**

- सेती नदी , बाहुली गाड, सुनिगाड,कचाली खोला,डुंग्रीगाड, गोलाईगाड,डिलगाडमा प्रसस्त ढुंगा, बालुवा, गिट्टीको अवसर ।
- खरी ढुंगा, स्लेट ढुंगाको अवसर ।
- वडा वडा जोड्ने रिङ्गरोड, साईड रोड वनिरहेको अवस्था ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, विजुली,संचार, यातायात स्वरोजगारको अवस्था ।
- आधुनिक प्रविधि युक्त उपकरण प्रयोग गरी कामगर्न सक्ने अवस्थामा पहुंच भएको ।
- नगरका गड्खेत, विउराडी, बारिल,मयाना, देवल, पुंगर,चल्लेक, कचालीखोलामा व्यवसायी खेतीबाट आर्थिक उन्नती पुऱ्याउने अवसर र माथि उल्लेखित ज्यूलाहरु साँच्चिकै आयआर्जनको क्षेत्र बन्ने अवसर ।
- निर्माण सामाग्रीहरु कम मुल्यमा प्राप्त गर्न सकिने र अन्य नगरभन्दा कम लागतमा मानविय श्रोत प्रयोग गर्न सकिने अवसर ।
- उत्पादित साधनको उचित मुल्य पाउने अवसर ।
- शिक्षित मानवीय श्रोतको प्रयोग गरी आर्थिक उन्नतीमा पुग्न सक्ने अवसर ।
- प्रशस्त खाली भूगोल रहेको उचित र दिगो प्रयोग गरी गर्न लगाई लाभान्वीत हुन सक्ने अवसर ।

**<u>चुनौतीहरु</u>**

- सेती नदी र बाहुली गाडको दोभानमा रहेको जिल्ला सदरमुकाम एवं नगर केन्द्र भौगोलिक रुपमा जोखिममा रहेको ।
- वर्तमान सामाजिक परिवेशमा खराव लत जस्तै मादक पदार्थ सेवन, बालविवाह आदीमा  परेका युवा/युवतीहरु ।
- गाउँ र शहरबाट युवाहरु बिदेश पलायन भई बालबालिका महिला र जेष्ठ नागरिकको गाउँ शहर भएको ।
- नगरवासीलाई अन्य नगर भन्दा विभिन्न सेवा सुविधावाट सम्पन्न बनाउने चुनौती ।
- पहाडी भु-भाग भएको नगरलाई वरिपरि सबै वडा लाई यातायत सुविधा पुऱ्याउने चुनौतीका साथै वडा नं.१, ६,९,१२ र १५ का सबै बस्ती चुनौती ।
- यस न.पा.का अन्नभण्डारको रुपमा रहेका ज्यूलाहरु परम्परा खेतीबाट माथी उठी आधुनिक र व्यवसायिक खेतीमा परिमार्जन गर्ने चुनौती ।
- विद्युत, खानेपानी सबैवडा, टोलमा नगरवासीमा पुऱ्याउने चुनौती ।
- अव्यवस्थित र विना योजना बनाएका घर र सडकलाई मापदण्ड अनुरुप व्यवस्थित र योजनाबद्ध बनाउने चुनौती ।
- नगरको आम्दानी बृद्धि गरी आन्तरीक आम्दानीबाटै नगरलाई आत्मनिरभर बनाउने चुनौती ।
- फोहोरमैला उचित व्यवस्थापन गरी नगरलाई हराभरा, स्वच्छ र सम्बृद्ध नगरपालिका बनाउने चुनौती ।
- नगरलाई बालमैत्री, महिलामैत्री, दलितमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री बनाउने चुनौती ।
- प्लास्टिक झोलारहित, खुला मादक पदार्थ र धुम्रपान रहित बनाउने चुनौती ।
- भुकम्प, बाढीपहिरो, भू-क्षय आदि जस्ता प्रकोपबाट नगरलाई सुरक्षित बनाउने चुनौती ।
- चैनपुर बजारमा रहेका फुटपात व्यापारीलाई व्यवस्थित गरी सडकलाई स्तरयुक्त बनाउने चुनौती ।
- अन्तराष्ट्रिय गै.स.स./गै.स.स., विषयगत कर्यालय र संस्थाहरु विच समन्वयात्मक ढंगबाट कार्यक्रम संचालन गर्ने चुनोती ।

**<u>आदरणीय महानुभावहरु</u>**

अब म यस नगरपालिकालाई नेपाल सरकारबाट सफा स्वच्छ, सम्बृद्ध, व्यवस्थित, सुशासित वातावरण मैत्री, महिला मैत्री, बाल मैत्री, दलित मैत्री, अपाङ्ग मैत्री बनाउदै यसको सर्वाङ्गीण विकास गर्दै जाने नीति अनुरुप यस न.पा बाट आगामी दिनमा अपनाइने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु ।

**<u>नीतिगत निर्णयहरु</u>**

**जयपृथ्वी नगरपालीका बभ्फाङका तपशिलका नीति तथा कार्यक्रम आगामी दिनमा कार्यान्वयन गर्ने गराउनेः**

- यस न.पा. ले विगत नगर परिषद्बाट स्वीकृतनीति तथा कार्यक्रम लाई निरन्तरता दिइने ।
- यस न.पा. अन्तर्गत संचालनमा रहेका विभिन्न संघसंस्थाहरु संग विभिन्न मितिमा भएका छलफलबाट संगै लगानी गरी जान सकिने योजना र कार्यक्रमहरु  समपुरक कोष छुट्याइ संयुक्त रुपमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- न.पा. ले विभिन्न समयमा विषयगत कार्यालय, विभिन्न संघ संस्थाहरु संग छलफल गरी संयुक्त लगानी गरी जान सकिने योजना र कार्यक्रममा समन्वय गरी जाने नीति लिइनेछ ।
- जयपृथ्वी नगरपालिकाबाट संचालित विकास निर्माणका कार्यहरुमा अनुगमनको लागिराजनीतिकदलहरु,नागरिक समाज,पत्रकार, बुद्धिजीबि,प्राविधिक/विज्ञ सहितको सर्वपक्षिय अनुगमन समितिको चयन गरी सोसमितिको अनुगमन  प्रतिवेदन को आधारमा भुक्तानी दिने नीति लिइएकोछ ।

- यस न.पा.मा व्यवसाय कर नक्सांकन गरी व्यवसायिक करदातालाई करको दायरा भित्र ल्याइ  कर रकममा अभिबृद्धि गर्ने नीति लिइनेछ किन भने हालसम्म यस न.पा मा न्यून व्यवसायिहरुले मात्र कर  तिरेको अवस्था रहेको छ ।
- एक घर एक करेशावारी र आयमुलक विरुवा बृक्षारोपण गर्ने कार्य अगाडी बढाइनेछ र नगरपालिका भित्रका नांगाडाँडा,सार्वजनिक स्थलमा सम्बन्धित क्षेत्रसंग समन्वय गरी हरियाली बनाउने कार्य अगाडी बढाइनेछ ।
- नगरक्षेत्र भित्रका नदी, खोला र बगरहरुमा रहेका ढुंगा, गिट्टी, वालुवाको संरक्षण गरी जिविस संग समन्वय गरी उचित प्रयोग गर्न लगाइनेछ ।
- हाल भू-क्षय, बाढी पहिरोमा परेका नदी, खोला, किनारा र सडक किनारामा विभिन्न निकायको समन्वयमा तट्बन्धन गरी संरक्षण गर्ने निति लिईनेछ ।
- नगरपालिकामा एक Help Desk राख्न लगाई नगरवासीका सेवा सुविधामा सोको उपयोग गरिनेछ ।
- सेवाग्राहिहरुको गुनासो तथा उजुरीहरुलाई तातो चुलो विधि (Hot stove treatment) बाट समाधान गरिनेछ ।
- आ.व को अन्त्यमा मात्र काम गर्ने परिपाटीको अन्त्य गरी बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालनमा ल्याइने (all weather service and activities) नीति अवलम्वन गरिनेछ ।
- नगरपालिकावाट संचालन हुने क्रियाकलापका सन्दर्भमा नगरका विभिन्न स्थानमा hoarding board राखि जनचेतना दिनेकाम गरिनेछ ।
- पहाडी भू-भाग भएको नगरलाई वरिपरि सबै वडालाई यातायत सुविधा पुऱ्याउने कुरालाई बिशेष जोड दिइ वडा नं. .१, ६,९,१२ र १५ लाई सडक संजालमा जोड्ने नीति लिइने छ ।
- यस न.पा को भू-उपयोग योजना निर्माण गर्न आवश्यक भएकोले सो योजना निर्माण गरी लागु गरीनेछ ।
- नगरपालिकाले नगरक्षेत्रको लागि निर्धारण गरीएका घर परिवारतहको वातावरणमैत्री स्थानीय शासनको आधारभूत १० वटा सूचकहरुको कार्यान्वियन गर्ने नीति लिइनेछ ।
- यस नगरपालिकाले टोल बस्तीलाई परिचालन गरी सार्वजनिक खोला किनार र खाली जमिनको किनारमा वृक्षारोपण गरी न.पा.मा व्यापकरुपमा हरियाली कायम गर्ने नीति लिएको छ ।
- यस नगरपालिका खुल्ला क्षेत्र घोषणा गर्न नगरपालिकाले निश्चित क्षेत्रलाइ खुल्लाक्षेत्रतोक्ने नीति लिइने छ ।
- मुल सडकको आसपासमा जनसहभागीतामा आधारित सौर्य उर्जाको माध्यामबाट बत्ति संचालनमा ल्याउने लक्ष्य राखेको छ ।
- कृषि सहकारीलाई प्रबर्द्धन गरी सहकारीमा आबद्ध किसानहरुको दक्षता विकास गरी न.पा.लाई तरकारीमा आत्म निर्भर बनाउने तर्फ कार्यक्रमहरु लक्षित गरिने छ ।
- जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सम्बर्द्धनको प्रावधान रहने भएकोले संरक्षणका लागि आबश्यक कार्यक्रमहरु लक्षित गरिने छ ।
- नगरपालिकामा युवा लक्षित कार्यक्रमहरु संचालन गरी बढ्दो युवा पलायनलाई रोक्ने नीति अबलम्बन गरिने छ ।
- यस नगरपालिकाको न्युतम सर्त तथा कार्यसम्पादन मापन निर्देशिका २०६६ ले निर्धारण गरेका न्यूनतम शर्तहरु तथा कार्यसम्पादनका सूचकहरु पुरा गरीनेछन ।
- नगरपालिकाले न्युतम शर्त पुरा गरी कार्यसम्पादन मापनमा कम्तिमा ७०% भन्दा बढी अंक ल्याउने लक्ष्य राखेको छ र सो गर्न सम्बन्धित सबैलाई सचेत र सहयोग गर्न अनुरोध गरीनेछ ।
- यस नगरपालिकाले लगाउदै आएको घर जग्गाको कर विस्थापित गरी सोको सट्टा एकिकृत सम्पत्तिकर कार्यान्वयनमा ल्याउने नीति लिइनेछ ।

- नगरक्षेत्रमा बहालमा लगाएका घरहरुको सत प्रतिशत घरहरुबाट घरबहाल कर अशुलगरी आन्तरिक आय रकममा बृद्धि गर्ने नीति लिनेछ ।
- घरको नक्सा पास गराउदा बैकल्पीक उर्जा (सौर्य उर्जा) राख्न अनिवार्यता गराइने छ ।
- नगरपालिकामा आन्तरिक आम्दानीमा अघिल्लो बर्ष भन्दा कम्तिमा ३० प्रतिशतले आन्तरिक आय बढाउने लक्ष्य लिइनेछ ।
- एक बर्ष भित्र नगरक्षेत्र सडकगुरुयोजना तयार भै सो अनुसार मात्र सडक निर्माण गर्ने नीति लिइनेछ
- नगरपालिका क्षेत्रभित्र स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक वा योगा संचालन केन्द्र बनाउने नीति लिइनेछ ।
- नगरपालिकाको समग्र विकासको लागि नगरविकास योजना निर्माण गर्ने नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र बाल उद्यान केन्द्र स्थापना गरिने छ ।
- नगरपालिकाले आफै वा आसपासका गाविसहरु संग संयुक्तरुपमा आगामी २ वर्ष भित्रमा कम्तिमा १ वटा बोटानिकट गार्डेन वा सार्वजनिक पार्क स्थापना गर्ने नीति लिइनेछ ।
- नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको सम्पूर्ण सार्वजनिक तथा सम्पत्तिको लगत तयार गरी सोको विवरण मन्त्रालयमा पठाउने नीति लिइनेछ ।
- नगरपालिकाबाट सहयोग पाउने सामुदायिक विद्यालयमा पानी सहितको महिला र पुरुषको अलग अलग शौचालय बनाउने नीति लिइनेछ ।
- यस नगरपालिकाले नगरक्षेत्रमा वातावरण मैत्री स्थानीय शासनको कार्यनीति लागु गरिनेछ ।
- यस नगरपालिकाले नगरक्षेत्र भित्र तालिम प्राप्त जनशक्तिबाट मात्र भौतिक संरचनाहरु निर्माण गर्ने गराउने नीति लिइनेछ ।
- यस नगरपालिकाले नगरक्षेत्रमा निकृष्ठ प्रकारको वालश्रममा कमील्याउने नीति लिइनेछ ।
- यस नगरक्षेत्रभित्र ऐनविपरित फोहोरमैला गर्नेहरुलाई दण्ड जरिवाना गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।
- यस नगरपालिकाले आफैंले वा सर्वसाधारण जनताको समेत साझेदारीमा कम्तिमा आगामी ३ वर्ष भित्रमा View Tower/रङ्गशाला निर्माण गरी सक्ने नीति लिइनेछ ।
- यस नगरपालिकाले देश भित्रको एउटा र देश बाहिरको कुनै एक नगरपालिकासंग भगीनी सम्बन्ध विस्तार गरी आपसिसहयोग बढाउने नीति लिइनेछ ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ तथा कार्यान्वयन कार्यविधि २०६८ ले निर्धारण गरे अनुरुप यस नगरपलिकालाई बालमैत्री स्थानीय शासन युक्त बनाउन रणनीति लिइनेछ ।
- नगरपालिकाले स्थानीय उद्योग तथा व्यापार संग सम्बन्धित संस्थाहरुसंग सहकार्य गरी नगरपालिकाको पहिचानको रुपमा एक बस्तु विकास गरी उत्पादन तथा बृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ ।
- यस नगरपालिकाले नगर क्षेत्रभित्र हरेक बस्तिमा दमकल पुग्न सक्ने सडक व्यवस्थापन गर्ने उद्देश्यका साथ वडा वडामा सडक विस्तार गर्ने अभियान संचालन गर्ने नीति लिइनेछ ।
- नगरक्षेत्रको आधारभूत सूचनाका लागी जनसंख्याको लगत र वैज्ञानिक घर नम्बरिङ्ग प्रणाली लागु गरिनेछ ।
- नगरपालिकाको सबै क्षेत्रको तथ्य तथ्याङ्क संकलन गरी सोको आधारमा नगरपालिकाको पार्श्व चित्र (Municipality Profile) र विशेषज्ञहरुको परामर्श सेवा लिई नगरपालिकाको आवधिक योजना (Municipality Periodic Plan) बनाउने नीति लिइने छ ।

यी नीतिहरुलाई कार्यन्वयन गर्न न.पा. आफै, विषयगत कार्यालयहरु,  संघ संस्थाहरु, जिविस र केन्द्र संग समन्वय गरी गरिनेछ । हाल १५ वटै वडानागरिक मञ्चस्तरवाट छनौट भई आएका महत्वपुर्ण, आवश्यकतामा आधारीत भई पेश भएका धेरै योजनाहरु माग भै आएता पनि गतबिगतका क्रमागत, वडानागरीक मंचको प्राथमिकता, आवश्यकतामा आधारित  मन्त्रालयको बजेट सिमा र मार्गदर्शन को आधारमा योजनाहरु छनौट गरी तपसिल बमोजिम बजेट प्रस्तावित गरिएको छ ।

| योजनाको प्रकार | प्रस्तावीत बजेट |
|---|---|
| क) बिपन्न महिला लक्षित कार्यक्रम | रु.  २५ लाख |
| ख) बिपन्न बालबालिका लक्षित कार्यक्रम | रु.  २५ लाख |
| ग) बिपन्न अन्यवर्गहरु लक्षित कार्यक्रम | रु.  ३७ लाख, ४७ हजार |
| घ) भौतिक पूर्वाधार कार्यक्रम | रु.  ९७ लाख, ४७ हजार |
| ङ) प्रबर्धनात्मक कार्यक्रम | रु.  ६४ लाख, ९७ हजार |
| च) ठुला पुर्वाधार योजना | रु.  १ करोड |
| छ) नगरक्षेत्र पूर्वाधार बिकास कार्यक्रम | रु.  १ करोड ६९ लाख ५२ हजार |

अन्त्यमा माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी वढाउन नगरपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहान्छु । सीमित श्रोतको उपलब्धताका कारण नगरवासीहरुको अपेक्षा अनुरुप निश्चित रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिकरुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसंग समन्वय गरि नगरपालिका अगाडी वढ्दै जानेछ । यस गरिमामय सदनमा उपस्थित हुनुभएका सम्पुर्ण महानुभावहरु, सहभागितात्मक नगर विकास योजना तर्जुमा प्रक्रियामा सहयोग पुर्‍याउनु हुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखहरु, नगरपालिकाका कर्मचारीहरु, वडा नागरिक मंचका पदाधिकारीहरु सवैलाई धन्यवाद दिदै, निरन्तर सहयोग र सहकार्य गर्नुहुने नगर स्तरीय प्रतिनिधि ज्यूहरु, हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएका प्रमूख अतिथि ज्यू, विषेश अतिथीज्यू एवं अतिथीज्यूहरु, यस गरिमामय नगर परिषद्का प्रस्तावित नीति कार्यक्रम तथा वजेटले नगरवासीका चाहाना र आवश्यकतालाई केही हद सम्म भएपनि पुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै वजेट वक्तब्य यही अन्त्य भएको व्यहोरा सम्मानित गरिमामय तेस्रो नगर परिषद् समक्ष निवेदन गर्दछु ।

***धन्यवाद,नमस्कार***

(प्रज्वल घिमिरे)
कार्यकारी अधिकृत
जयपृथ्वी नगरपालिका कार्यालय